ललितपुर महानगरपालिका
यल महानगरपालिका
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

मिति: २०८२/०४/०५
नेपाल संवत् ११४५ दिल्लागा एकादशी

**विषय: पुरस्कार तथा सम्मानका लागि विवरण पेश गर्ने सम्बन्धमा।**

**श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु**
**ललितपुर महानगरपालिका, ललितपुर।**

प्रस्तुत विषयमा यस ललितपुर महानगरपालिका अन्तर्गतका विद्यालयहरुबाट एसईई परीक्षा २०८१ मा स्तरीकृत अंक देहाय बमोजिम ल्याउने विद्यार्थीहरू र विद्यालयहरुलाई ***ललितपुर महानगरपालिका माध्यमिक शिक्षा परीक्षा (SEE) मा स्तरीकृत अङ्क ल्याउने विद्यार्थी तथा विद्यालयहरूलाई शैक्षिक पुरस्कार तथा सम्मान सम्बन्धी कार्यविधि, २०८१*** बमोजिम पुरस्कार तथा सम्मान गर्ने कार्यक्रम रहेकोले सो कार्यका लागि निम्नानुसार गर्नु, गराउन हुन सम्बन्धित सबै विद्यालयको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. एसईई परीक्षा २०८१ मा सहभागी विद्यार्थीहरुले आफुले प्राप्त गरेको ग्रेडसिटको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले ७ सात दिन भित्र आफ्नो विद्यालयमा निवेदन पेश गर्ने ।
२. विद्यार्थीहरुबाट प्राप्त निवेदन अनुसारको ग्रेडसिट रुजु गरी विद्यालयले ७ दिन भित्र शिक्षा महाशाखामा सिफारिस गरी पठाउने।
३. एसईई परीक्षामा स्तरीकृत अङ्क ४ ल्याउने महानगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु दुईलाखका दरले पुरस्कृत गरी सम्मान प्रदान गरिनेछ। सामुदायिक विद्यालयमा अध्ययन गरी स्तरीकृत अङ्क ३.९५ र सो भन्दामाथि ल्याउने विद्यार्थीहरुलाई समेत सोही बमोजिम पुरस्कृत तथा सम्मान गरिनेछ ।
४. सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले स्तरीकृत अङ्क ३.९५ र सो भन्दामाथि ल्याएका सामुदायिक विद्यालयहरुलाई प्रति विद्यालय रु चार लाखका दरले पुरस्कार तथा सम्मान प्रदान गरिनेछ।
५. स्तरीकृत अङ्क ४ ल्याउने संस्थागत विद्यालयहरुलाई कदर पत्रद्वारा सम्मान गरिनेछ।

२०८२/०४/०५
देवीप्रसाद उपाध्याय
निर्देशक
शिक्षा महाशाखा

Tel: 977-01-5440906, Fax : 977-1-5553966, Email: info@lmc.gov.np, Website: www.lmc.gov.np

CamScanner